Table of Contents (Public Information)

Annex No.	Topic	Page No
1	Nomination & TOR for PIC members	2-3
2	Screenshot of homepage of website	4
3	Tender notice for construction of seminar hall	5
4	Tender invitation for shutters on rent	6
5	Students feedback questionnaire about college	7-8
6	Parents feedback form/questionnaire about college	9
7	Minute of PIC	10
8	WhatsApp Massages	11-12

त्रिभुवन विश्वविद्यालय
मैयाँदेवी कन्या कलेज
Maiya Devi Girls' College
फ्याक्स : ५३३१९४
भरतपुर-१०, चितवन, नेपाल
Bharatpur-10, Chitwan, Nepal

प. सं. :- 076/077
च. नं. :- 294

मिति :- २०७६/१०/१२

श्रीमान् केदार वाग्लेज्यू,

विषय : सार्वजनिक सूचना तथा EMIS विशेष समिति गठन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा तपाईको अध्यक्षतामा यस कलेजमा **सार्वजनिक सूचना तथा EMIS विशेष समिति** गठन गरिएको व्यहोरा जानकारी गराउँदै कलेजका गतिविधि, प्रगति, समस्या तथा अन्य जानकारीहरू सम्बद्ध सबैको बीचमा पुऱ्याउनु र पारदर्शी बनाउने कार्यमा महत्वपूर्ण योगदान पुग्नेछ भन्ने विश्वास राखेको छ । चार सदस्यीय यस समितिमा निम्नानुसारका व्यक्तिहरु रहने व्यहोरा जानकारी गर्दछु ।

नामावली

१ प्राध्यापक : **केदार वाग्ले (संयोजक)**
२ प्राध्यापक : विश्वराज सुवेदी (सदस्य)
३ कर्मचारी : मुकुन्द चालिसे (सदस्य)
४ छात्रा प्रतिनिधि : अस्मिता न्यौपाने (सदस्य)

सार्वजनिक सूचना तथा EMIS विशेष समितिको काम कर्तव्य र अधिकार

सार्वजनिक सूचना सम्बन्धमा

क) कलेजद्वारा प्रवाह हुने सूचनाहरू प्रिन्सिपलले प्रमाणित गरेपछि मात्र प्रवाह गरिने छ ।

ख) कलेजका विविध सूचनाहरू सूचना पाटीमा टाँसिनेछ ।

ग) कलेजले सबै गतिविधिहरू अध्यावधिक गरी वेवसाइट मार्फत प्रवाह गर्नेछ । स्थानीय पत्रिका तथा रेडियो, टेलिभिजन मार्फत समय समयमा आवश्यक सूचनाहरू प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

घ) विभिन्न जानकारी मूलक सूचनाहरू चार्ट, फल्याक्स मार्फत पनि प्रवाह गरिने छ ।

ङ) कलेजले वार्षिकोत्सबको अवसरमा विविध गतिविधिसमावेश गरी बुलेटिन मार्फत सूचना प्रवाह गरिने छ ।

च) कलेजले आफ्नो मुखपत्र छात्राहरूलाई सहभागी गरी प्रकाशन समितिको समन्वयमा नियमित रूपमा प्रकाशन गर्नेछ ।

छ) विभिन्न मिडियासँग सम्बन्धीत सामाजिक संजाल, छलफल, बैठक, अन्तर्क्रिया मार्फत सूचना प्रवाह गरिने छ ।

ज) आन्तरिक तथा अन्तिम लेखा परीक्षण प्रतिवेदनहरू सार्वजनिक गरिने छ ।

झ) कलेजमा हुने दैनिक आर्थिक कारोवारको जानकारी वार्षिक रूपमा कम्तिमा चार पटक सञ्चालक समिति समक्ष पेश गरिने छ ।

ञ) कलेजका अति गोप्य सूचनाहरू यी माध्यमबाट प्रवाह गरिने छैन ।

ट) कलेज सञ्चालक समितिका अति गोप्य बाहेक निर्णयहरू सबै शाखामा पठाइनेछ ।

ठ) कलेजप्रतिको आमधारणा, गुनासा एवं सुझावहरू थाहा पाउन र त्यसको समाधान गर्न सजिलो होस् भन्ने उद्देश्यले छात्रा गुनासो एवम् समाधान कक्ष, छात्रा गुनासो संकलन फारम, छात्रा तथा अभिभावकको कलेज प्रतिको धारणा बुझ्नका लागि प्रश्नावलीको व्यवस्था गरिने छ ।

ड) कलेजमा प्राध्यापक तथा छात्राहरू माझ सूचना प्रवाह गर्नको निम्ति सामाजिक सञ्जालको प्रयोग गरिने छ ।

ढ) कलेजका निम्न अनुसारका सूचनाहरू कलेज हाताभित्र देखिने गरी राखीनेछ :

- कलेजको लक्ष्य र उद्देश्य,
- कलेजका गुणस्तर सम्बन्धी नीतिहरू,

Nomination & TOR of PIC

त्रिभुवन विश्वविद्यालय
मैयाँदेवी कन्या कलेज
Maiya Devi Girls' College
फोन ०५६ ५२४४९ ५२६६४
फ्याक्स : ५३३१९
भरतपुर-१०, चितवन, नेपाल
Bharatpur-10, Chitwan, Nepal

प. सं. :-
च. नं. :-

- कलेजका प्राध्यापक, कर्मचारी तथा छात्रासँग सम्बन्धीत आचार संहिता,
- नागरीक वडापत्र,
- सञ्चालक समिति तथा प्राध्यापक संघको विवरण आदि ।

EMIS सम्बन्धमा

क) छात्राहरूको वार्षिक भर्ना र तिनिहरूको विवरण अध्यावधिक गर्ने ।

ख) छात्राहरूको समाजिक वर्ग (जनजाति, दलित), उनिहरूको ठेगाना, पारिवारिक विवरण तथा उनिहरूको उमेरको विवरण अध्यावधिक गर्ने ।

ग) परीक्षा सम्बन्धि छात्राहरूको विवरण उपलब्ध गराउने ।

घ) कलेजमा अध्यापनरत, कार्यरत शिक्षक तथा कर्मचारीको शिक्षा, अनुभव, उपलब्धी र अन्य जानकारी अध्यावधिक गर्ने ।

ङ) स्नातक तथा स्नातकोत्तरको वार्षिक परीक्षामा पास हुने छात्राहरूको विवरण अध्यावधिक गर्ने ।

च) छात्राहरूमा खर्च भएको वार्षिक एकाइ खर्च गणना गर्ने ।

छ) छात्राहरूलाई उपलब्ध गराइएको छात्रावृत्ति या फि मा दिइएको छुटको तत्थाङ्क उपलब्ध गराउने ।

ज) कलेजमा संचालित शैक्षिक कार्यक्रमहरूको विश्वविद्यालयबाट संचालन अनुमति, निरन्तरता र यससँग सम्बन्धित अन्य जानकारी अध्यावधिक गर्ने ।

झ) सोध तथा अनुसन्धानसँग सम्बन्धित अध्यावधिक विवरणहरू उपलब्ध गराउने ।

ञ) कलेजको सिर्जनात्मक सहभागिता, लेखन तथा प्रकाशनसँग सम्बन्धित जानकारी उपलब्ध गराउने ।

ट) कलेजको आर्थिक गतिविधि, वार्षिक बजेट, माग्दानी, खर्च, फाइदा र घाटाको अध्यावधिक विवरण उपलब्ध गराउने ।

ठ) कलेजको भौतिक सम्पत्ति, जग्गा जमिन, भवन, कक्षा कोठा, कार्यालय कोठाहरू, कम्प्यूटर, टेलिफोन, विभिन्न शैक्षिक प्रयोगमा ल्याइने मेसिनहरू, फर्निचर, किताब आदिको अध्यावधिक विवरण तयार पर्ने

टंकनाथ पौडेल
अध्यक्ष
कलेज संचालक समिति

Website: www.maiyadevigirlscollege.edu.np, Email:maiyadevigirlscollege2057@gmail.com

Nomination & TOR of PIC



Screenshot of the Home page of website

त्रिभुवन विश्वविद्यालय

मैयाँदेवी कन्या कलेज

Maya Devi Girls College

फोन ०५६ ५२४४९५, ५२६६४०
फ्याक्स : ५३३१९४

भरतपुर-१०, चितवन, नेपाल
Bharatpur-10, Chitwan, Nepal

प. सं. :-
च. नं. :-

मिति :२०७६/०२/०९

मैयादेवी कन्या कलेजमा सेमिनार हल निर्माणका लागि सिलबन्दी बोलपत्र पेश गर्ने सम्बन्धि सूचना ।

बोलपत्र सुचना नं. ३/०७५/०७६

प्रथम पटक प्रकाशित सूचना मिति २०७६/०२/०९

यस मैयादेवी कन्या कलेज भरतपुर चितवनद्वारा यस आ.व.२०७५/०७६ मा तपशिल बमोजिमका कार्यहरु सिलबन्दी दरभाउपत्रबाट गराउनुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक दरभाउपत्रदाताबाट निम्न शर्तको अधिनमा रही रीतपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा आह्वान गरिन्छ ।

बोलपत्र सम्बन्धी शर्तहरु:-

१) बोलपत्र फारम यस कलेजबाट नगद रु १०००। तिरी (पछि फिर्ता नहुने गरी) यो सूचना पत्रिकामा प्रकाशित मितिले १५। पन्ध्रौ) दिनसम्म कलेज समय भित्र अध्यावधिक ईजाजत पत्र र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरी खरिद गर्न सकिने छ ।

२) खरिद गरिएका बोलपत्रहरु फारमहरु यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित मितिले १६ औं दिनको १.०० बजे भित्र सिलबन्दी गरी यस कलेजमा दर्ता गराई सक्नुपर्ने छ र यसरी दर्ता भएका बोलपत्रहरु सोहि दिन दिनको २.०० बजे पेश भएका बोलपत्रहरु खोलिनेछ बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३) सिलबन्दी बोलपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर बाहेकको अंक उल्लेख गर्नुपर्ने छ ।

४) तपसिलमा उल्लेखित जमानत बापतको रकम यस कार्यालयको नाममा रहेको रा.बा. बैंक भरतपुर स्थित च.हि.नं १३१०००५४४५०१ खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कलेजको नाममा जारी गरिएको धरौटीमा ६ महिना म्याद भएको मान्यता प्राप्त बैंक ग्यारेन्टी(विडबण्ड) संलग्न हुनुपर्ने छ ।

५) कुनै शर्त राखी, रीत नपुगी वा म्याद नाघी आएका सिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

६) बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूण अधिकार यस कलेजमा सुरक्षित रहने छ ।

७) दररेट अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नुपर्ने छ । केरमेट भएमा सहिछाप गर्नुपर्ने छ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

८) बोलपत्रको खाम बाहिर बोलपत्रदाताको नाम, ठेगाना, ठेक्का नं., कार्यको विवरण, दस्तखत र छाप स्पष्ट उल्लेख गर्नुपर्ने छ । साथै बोलपत्र फारम खरिद र दर्ता गराउने अन्तिम दिन बिदा परेमा लगतै कलेज खुलेको दिन गर्नुपर्ने छ ।

९) यस सम्बन्धि अन्य कुरा बुझ्नु परेमा कलेज समयमा सम्पर्क राख्न सकिने छ ।

१०) यस सूचनामा लेखिएको कुरामा यसैअनुसार र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

११) यस सूचनामा कुनै त्रुटी भएमा वा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र नियमावली २०६४ वा प्रचलित कानून बमोजिम हुनेछ ।

सि.नं	ठेक्का नं.	कामको विवरण	मू.अ.कर र कन्टिन्जेन्सी बाहेक ल.ई रकम	धरौटी रकम रु.	कैफियत
१	३/०७५/०७६	सेमिनार हल निर्माण कार्य	१६,८५,८५८८०	४२,५००।००	

कृष्ण प्रसाद न्यौपाने
प्रिन्सीपल
Principal

Tender Notice for Construction of Seminar Hall

मैयाँदेवी कन्या कलेज

भरतपुर १०, चितवन

सटर भाडाको पुनः बोलपत्र आव्हान सम्बन्धी सूचना

विज्ञापन नं : ०२/०७५/०७६

दोस्रो पटक प्रकाशित मिति : २०७६/०१/२७

यस कलेजको विभागीय भवनको भूई तलामा रहेका नं १ देखि ६ सम्मका सटरहरु निम्न सर्त भित्र रहने गरी भाडामा दिनका लागी सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित गरिएको मितिले १५ दिन भित्र ईच्छुक फर्म/व्यक्तिहरुबाट समितिले तोकेको न्युनतम भाडालाई आधार मानी सिलबन्दी बो लपत्र आव्हान गरिएको छ ।

शर्तहरु

१. बोलपत्र दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको रकम (फिर्ता नहुने गरी) बुझाई इच्छुक संघसंस्था, व्यवसाय वा व्यक्तिले बोलपत्रदाताले निवेदन दिई यस मैयादेवी कन्या कलेज, भर तपुर, चितवनबाट कलेज समय भित्र बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ यदि व्यक्तिगत भएमा नागरिकताको प्रमाणित प्रतिलिपि र व्यवसाय भएमा व्यावसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि र आ.वं २०७४/०७५ सम्म कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ । १५ औं दिनको २:०० बजेभित्र बोलपत्र फारम दर्ता गराइसक्नुपर्नेछ । बोलपत्र १५ औं दिनको ४:०० बजे कलेजमा खोलिनेछ । १५ औं दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट खोलिनेछ ।

२. व्यवसायीक सटरको करार अवधि ५ वर्ष मात्र हुनेछ । करार अवधि समाप्त भएपश्चात जुनसुकै परिस्थितिमा पनि पुनः बोलपत्र आव्हान गरि सटर भाडामा लगाइनेछ ।

३. सटर भाडामा लिने व्यवसायीहरुले ३ महिनाको भाडा वापतको एकमुष्ट रकम धरौटी स्वरूप जम्मा गर्नुपर्नेछ ।

४. कलेजलाई भाडा बुझाउँदा ३ महिनाको एकमुष्ट भाडा अग्रिम रूपमा पहिलो महिनाको मसान्तभित्र बुझाउनुपर्नेछ ।

५. सटर भाडा प्रति वर्ष ५ प्रतिशतका दरले वृद्धि हुनेछ ।

६. बोलपत्र फारम शर्त नं १ अनुसार कागजात पेश गरी रु १०००/- (एक हजार) बुझाई कलेजबाट प्राप्त गर्न सकिनेछ । उक्त रकम फिर्ता हुनेछैन ।

७. आफूले कबोल गरेको वार्षिक रकमको ५ प्रतिशत रकम कलेजको राष्ट्रिय बाणिज्य बैंक, भरतपुरको च.हि.नं १३१०००५४४५०१ मा जम्मा गरी सक्कल भौचर पेश गर्नुपर्नेछ । स्वीकृत भएको फर्मले १५ दिन भित्र करार गर्न आउनुपर्ने छ र करार गर्न नआएमा फर्मले जम्मा गरेको ५ प्रतिशत वापतको रकम फिर्ता हुने छैन ।

८. सटरमा कलेज तथा समुदायको शैक्षिक तथा सामाजिक वातावरण र वातावरणीय प्रभावलाई प्रतिकुल असर पार्ने मांस, मदिरा, धुम्रपान तथा कानूनले निषेधित गरेका व्यवसायहरु सञ्चालन गर्न पाइने छैन ।

९. रीतपूर्वक पर्न नआएका बोलपत्रहरु मान्य हुने छैन ।

१०. उल्लेखित शर्त बाहेकका अन्य कुराहरु कलेज संचालक समितिले तोके बमोजिम हुनेछ ।

११. सम्पूर्ण सटरहरूको न्युनतम रू १,००,०००/- (एक लाख मात्र) मासिक कायम गरिएको छ ।

१२. महशुल (बिजुली, खानेपानी) सरसफाइ खर्च इत्यादि सटर भाडा लिने पक्षले तिर्नु पर्नेछ ।

१३. बोलपत्र स्वीकृति गर्ने / नगर्ने सम्पूर्ण अधिकार कलेज व्यवस्थापन समितिमा सुरक्षित रहनेछ ।

प्रिन्सिपल

मैयाँदेवी कन्या कलेज

०५६-५२४४९५, ५२६६४०

Tender Notice for offering College premises on rent

मैयाँदेवी कन्या कलेज

भरतपुर-१०, चितवन

शैक्षिक मूल्याङ्कन प्रश्नावली २०७६/०७७

छात्राको नाम:	कक्षा/तह :	फोन नं :

(व्यक्तिगत विवरण अनिवार्य छैन ।)

कृपया आफ्नो विवेकले निम्न प्रश्नहरुको उत्तर दिनुहोला ।

१. तपाइलाई कलेजको शैक्षिक वातावरण कस्तो लाग्छ ?

क. उत्तम ख. मध्यम ग. ठिकै घ. कमजोर

२. तपाइलाई कक्षा शिक्षण पद्धती कस्तो लाग्छ ?

क. उत्तम ख. मध्यम ग. ठिकै घ. कमजोर

३. कलेजको पुस्तकालय व्यवस्थापन कस्तो छ ?

क. उत्तम ख. मध्यम ग. ठिकै घ. कमजोर

४. कलेजमा संचालन भएको क्यान्टिन व्यवस्थापन कस्तो लाग्छ ?

क. उत्तम ख. मध्यम ग. ठिकै घ. कमजोर

५. कलेजको आन्तरिक परीक्षा प्रणाली र कक्षा व्यवस्थापन कस्तो रहेको छ ?

क. उत्तम ख. मध्यम ग. ठिकै घ. कमजोर

६. कलेजको अतिरिक्त कार्यक्रम संचालन कस्तो लाग्छ ?

क. उत्तम ख. मध्यम ग. ठिकै घ. कमजोर

७. कलेजको खेलमैदान, शैचालय र भौतिक पक्ष कस्तो छ ?

क. उत्तम ख. मध्यम ग. ठिकै घ. कमजोर

८. कलेजको कक्षा व्यवस्थापन र शिक्षक शिक्षण प्रति सन्तुष्ट हुनुहुन्छ ?

क. छु ख. छैन

छैन भने के के पक्ष सुधार गर्नुपर्छ ?

.....

९. कलेजको राम्रो पक्षहरु के के छन् ?

.....

१०. कलेजले सुधार गर्नुपर्ने पक्ष के के हुन् ।

.....

Students feedback questionnaire about college

मैयाँदेवी कन्या कलेज

भरतपुर-१०, चितवन

शैक्षिक मूल्याङ्कन प्रश्नावली २०७६/०७७

छात्राको नाम: कुसुम ढकाल	कक्षा/तह : BBS 2nd	फोन नं : 9845212888

(व्यक्तिगत विवरण अनिवार्य छैन ॥)

कृपया आफ्नो विवेकले निम्न प्रश्नहरुको उत्तर दिनुहोला ।

१. तपाइलाई कलेजको शैक्षिक वातावरण कस्तो लाग्छ ?

क. उत्तम ख. मध्यम ग. ठिकै घ. कमजोर

२. तपाइलाई कक्षा शिक्षण पद्धती कस्तो लाग्छ ?

क. उत्तम ख. मध्यम ग. ठिकै घ. कमजोर

३. कलेजको पुस्तकालय व्यवस्थापन कस्तो छ ?

क. उत्तम ख. मध्यम ग. ठिकै घ. कमजोर

४. कलेजमा संचालन भएको क्यान्टिन व्यवस्थापन कस्तो लाग्छ ?

क. उत्तम ख. मध्यम ग. ठिकै घ. कमजोर

५. कलेजको आन्तरिक परीक्षा प्रणाली र कक्षा व्यवस्थापन कस्तो रहेको छ ?

क. उत्तम ख. मध्यम ग. ठिकै घ. कमजोर

६. कलेजको अतिरिक्त कार्यक्रम संचालन कस्तो लाग्छ ?

क. उत्तम ख. मध्यम ग. ठिकै घ. कमजोर

७. कलेजको खेलमैदान, शैचालय र भौतिक पक्ष कस्तो छ ?

क. उत्तम ख. मध्यम ग. ठिकै घ. कमजोर

८. कलेजको कक्षा व्यवस्थापन र शिक्षक शिक्षण प्रति सन्तुष्ट हुनुहुन्छ ?

क. छु ख. छैन

छैन भने के के पक्ष सुधार गर्नुपर्छ ?

.....

९. कलेजको राम्रो पक्षहरु के के छन् ?

साथि उत्तम भनिएका सम्पूर्ण कुराहरु कलेजका राम्रा पक्षहरु हुन् ।

१०. कलेजले सुधार गर्नुपर्ने पक्ष के के हुन् ।

कलेजको क्यान्टिन व्यवस्थापन सुधार गर्नुपर्ने पर्दछ ।

Students feedback questionnaire about college

मैयाँदेवी कन्या कलेज

भरतपुर-१०, चितवन

अभिभावक शैक्षिक तथा गुणस्तर मूल्याङ्कन फारम २०७६/०७७

अभिभावकको नाम	ठेगाना:	फोन नं :
सूर्यकान्त चौपाल	भरतपुर-१२	९८४९०४४५६०

(व्यक्तिगत विवरण अनिवार्य छैन ।)

कृपया आफ्नो विवेकले निम्न प्रश्नहरुको उत्तर दिनुहोला ।

१. यस कलेजको शैक्षिक वातावरण कस्तो लाग्छ ?

क. राम्रो ✓ख. ठिकै ग. कमजोर घ. थाहा छैन

२. कलेज र समुदाय बिचको सम्बन्ध कस्तो रहेको छ ?

✓क. राम्रो ख. ठिकै ग. कमजोर घ. थाहा छैन

३. अभिभावक र शिक्षक बिचको सम्बन्ध कस्तो छ ?

क. राम्रो ✓ख. ठिकै ग. कमजोर घ. थाहा छैन

४. अभिभावकहरु आफ्ना विद्यार्थीहरु प्रति कत्तीको उत्तरदाही हुनुहुन्छ ?

✓क. छु ख. छैन

५. कलेजको भौतिक वातावरण/खेल मैदान प्रति सन्तुष्ट हुनुहुन्छ ?

क. छु ✓ख. छैन

छैन भने के के हुनुपर्छ तपाइको विचारमा ?

कलेजको भौतिक वातावरण राम्रो भए पनि जनरल सरसफाईमा ध्यान दिनु पर्ने देखिन्छ । खेल मैदान र यस सम्बन्ध व्यवस्थापन मा सुधारगर्नु ।

६. कलेजको कमजोर पक्षहरु उल्लेख गर्नुहोस् ।

जनरल सरसफाई, फर्निचर, शौचालयहरुको नियमित सरसफाई, क्याटिन, नियमित विद्यार्थी र शिक्षक बीचको अन्तर्क्रियात्मक शैक्षिक वातावरण

७. कलेजले सुधार्नु पर्ने पक्षहरु के के छन् ?

लाईबेरी, फर्निचर, क्याटिन, नियमित सरसफाई, अनुसन्धानात्मक, अन्तरात्मक शैक्षिक वातावरण, यातायातको व्यवस्थापन, फार्किङ, Utilities, Personne hygiene and students facilities - Dust bin, First Aid facilities Menstrual pa facilit

८. कलेजको वातावरणबाट समुदायमा कस्तो प्रभाव रहेको छ ?

क. राम्रो ✓ख. ठिकै ग. कमजोर घ. थाहा छैन

धन्यवाद !

Parents feedback form/questionnaire about college

आज मिति २०६६-०६-१७ गते बसेको सार्वजनिक लेखा विषेश समितिको नियमित बैठक समितिका संयोजक केदार बास्तोलाको अध्यक्षतामा बस्यो तथा तपशिल बमोजीमका प्रस्तावहरुमाथी छलफल गरि निर्णय गरियो ।

प्रस्ताव :
१. कलेज नियमावली तयारी सम्बन्धमा ।
२. कलेज मुखपत्र प्रकाशन सम्बन्धमा ।
३. विविध ।

निर्णय :
प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कलेजलाई नि.नि. अनुदान आयोगमार्फत SSR सम्पन्न गरेर कार्यालयमा बुझाउनुपर्ने भएकोले, SSR Team ले तयार पारेको विभिन्न नियमावलीहरुमाथी व्यापक छलफल गरि, कार्यालयमा दर्ता गर्नुपर्ने भएकोले कलेज प्रशासनलाई अनुरोध गरियो ।

प्रस्ताव नं २ माथी छलफल गरि कलेजको वार्षिक मुखपत्र प्रकाशन गर्नुपर्ने भएकोले प्रकाशन समिति र रिसर्च सेल तथा सम्बन्धित गरि एउटा कार्य योजना बनाउने निर्णय गरियो ।

प्रस्ताव नं ३ विविध माथी छलफल गरि आउदो नियमित बैठक, कार्तिक महिनाको अन्तीम हप्ता तय निर्णय गरियो ।

उपस्थिती
१. प्राध्यापक केदार बास्तोला (संयोजक) — केबास्तो
२. प्राध्यापक विश्वराज सुवेदी (सदस्य) — वि.सु.
३. प्राध्यापक मुकुन्द पौडेल (सदस्य) — मु.पौ.

Minute of PIC

सुचना 31.oct 2019 12.41pm

यस कलेजमा व्यवस्थापन संकाय अन्तर्गत विविध विषयमा छलफल गर्नुपर्ने भएकाले प्राध्यापन गर्नुहुने सम्पूर्ण प्राध्यापकज्युहरुलाई निम्न मिति र समयमा अनिवार्य उपस्थितिका लागी जानकारी गराइन्छ ।

मितिः 2076 कार्तिक 14 गते शुक्रवार
समय : बिहान 9.20 बजे

विकाश ढकाल
कार्यक्रम संयोजक

आन्तरीक मुल्याङ्कन परीक्षा सम्बन्धीत सुचना 18 Dec 2019
BBS, 1st, 2nd and 3rd year र B.Ed 1st 2nd and 3rd year को आन्तरिक मुल्याङ्कन परिक्षाको समय तालिका मिति 2076/09/11 गते 2076/09/18 गते सम्म हुने भएकोले सम्बन्धीत प्राध्यापकज्युहरुलाई आफ्नो विषयको पठनपत्र मिति 2076/09/05 गते भित्र अनिवार्य कलेज आन्तरिक परिक्षा समितीलाई बुझाउन सुचित गरिन्छ ।
साथै अनुसुचीका 5 दिन भित्र परिक्षा भर्ना समितिलाई बुझाउन जानकारी गराइन्छ ।

नोटः पठन पुर्णाङ्क ३० पुर्णाङ्कको हुनुपर्ने छ । साथै पठनपत्र शिक्षातर्फ अनिवार्य रहने छ ।

आन्तरीक परिक्षा समिती ।

WhatsApp Massage

26.09.2019 9.30 am

Notice

It's informed to all concerned lecturers staff and instructors (Nursing) that an informal meeting on the occasion of Vijayadasami al Deepawali is being held tomorrow at 4.15 pm in Nursing library. All are cordially invited to join it for exchanges of greetings.

Administration.

31 oct 2019 10.55 am

सुचना

भोली शुक्रवार मिति 2076-07-15 गते अपरान्ह 3.30 बजे मैयादेवि कन्या कलेज प्राङ्गणमा महिला प्राध्यापक, शिक्षक तथा कर्मचारीको सौजन्यमा तिहार विशेष खाजा -चिया कार्यक्रमको आयोजना गरीयकोले सम्पूर्ण प्राध्यापक, शिक्षक तथा कर्मचारीलाई चीयापान समारोहमा सहभागी भै कार्यक्रमको शोभा बढाइदिनुहुनको निम्ती यो आग्रह तथा जानकारी गराइन्छ ।

महिला प्राध्यापक, शिक्षक तथा कर्मचारी
मैयादेवि कन्या कलेज
भरतपुर - १०, चीतवन ।

WhatsApp massage List